# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०८३/०८४

चलानी नं. : ४६९

मितिः २०८३/०६/१४

श्री रेडियो शैलुङ सामुदायिक एफ.एम., चरिकोट, दोलखा ।
श्री कालिञ्चोक सामुदायिक एफ.एम., चरिकोट, दोलखा ।
श्री हाम्रो रेडियो, चरिकोट, दोलखा ।
श्री रेडियो भीमेश्वर, चरिकोट, दोलखा ।
श्री रेडियो हिमाली, चरिकोट, दोलखा ।

विषयः सूचना प्रसारण गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम सन्चालन गरिनुपर्ने भयकाले तपसिल बमोजिमको सूचना प्रसारण गरिदिनु हुन अनुरोध छ ।

*तपसिल*

## कृषि कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१३

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मौरीपालन प्रवर्धन तथा स्रोत केन्द्र स्थापना कार्यक्रम, फूलखेती उत्पादन तथा विस्तार कार्यक्रम, कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालिम र अकबरे खुर्सानी प्रवर्धन कार्यक्रमहरू सञ्चालन गरिने भएकाले भीमेश्वर नगरपालिका स्थायी ठेगाना भएका इच्छुक कृषक/ कृषि फर्म/ कृषक समूह/ कृषि सहकारीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८३ असोज २९गते) तोकिएका आवश्यक कागजातहरू सहित यस कार्यालयको कृषि विकास शाखामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरूको विवरण:**

१. माग निवेदन ।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. जग्गाधनी पुर्जाको प्रतिलिपि (भाडामा भए भाडा सम्झौता पत्र)।

४.माग गर्ने कृषि फर्म/कृषक समूह/कृषि कम्पनी/कृषि सहकारी संस्थाको प्रमाणपत्रको प्रतिलिपि तथा समूह/सहकारी भएमा बैठकको निर्णयको प्रतिलिपि, गत आ.व को कर चुक्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि ।

५. सम्बन्धित वडाको सिफारिस प्रत्र ।

६. प्रचलित कानुन बमोजिम कालो सुचिमा नपरेको, बिगत १ वर्ष देखि संघ, प्रदेशबाट यस्तो प्रकृतिको कार्यक्रममा अनुदान नलिएको स्व घोषणा पत्र ।

यस सम्बन्धी थप जानकारीका लागि भिमेश्वोर नगरपालिकाको कृषि शाखाको मोवाइल न. ९८६४००२०७७, ९८४४०००६२८, ९८६१८४९२०९, ९८६११७८९३० सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८३/६/१४

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत